लेखापरीक्षण प्रतिवेदन

रैनादेवी छहरा गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

रैनादेवी छहरा गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/406

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

रैनादेवी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाल्पा।

कैफियतसहितको राय

हामीले रैनादेवी छहरा गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखांकन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ९८ लाख ६५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२३ लाख ५५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १४ हजार र पर्यटन पूर्वधार कार्यक्रमको रु.५ लाख ९० हजार समावेश गरेको छैन ।

२. गाँउपालिकाको रु. १ अर्ब ३६ करोड १० लाखको लेखापरीक्षण गरिएकोमा रू.६२ लाख ३३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाले तोकिएबमोजिम फर्स्यौट गरी सम्परीक्षणका लागि पेश गरेको छैन।बाँकी बेरुजु रु. ६२ लाख ३३ हजारमध्ये सो मध्ये असुल गर्नुपर्ने रू.४ लाख १४ हजार, नियमित गर्नुपर्ने ५८ लाख १९ हजार रहेको छ। गत वर्षसम्म रु. १७ करोड ७४ लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष रु.७० लाख ७० हजार बेरुजु सम्परीक्षण भइ

हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ६६ लाख ५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रैनादेवी छहरा गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रैनादेवी छहरा गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
५१	१४	६२,३३,११६	०	०	०	०	५१	१४	६२,३३,११६	४,१३,९२६	५८,१९,१९०	०	०	०	५८,१९,१९०	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	१७,७४,४२,०००	०	७०,७०,०६१	१७,०३,७१,९३९	०	६२,३३,११६	१७,६६,०५,०५५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	३९.२	सामाजिक सुरक्षा भत्ता	१,३९,२४७
२	२०७८/७९	२६	सुरक्षित नागरिक आवास कार्यक्रम	९,००,०००
३	२०७८/७९	१४.३	उपभोक्ता समिति	४९,०९,०००
४	२०७७/७८	३३.३	बढी भुक्तानी	९,२१,८१४

५	२०७८/७९	११	विपद् व्यवस्थापन कोष	२,००,०००
जम्मा				७०,७०,०६१

(८०५५०५०८३०० - रैनादेवी छहरा गाउँपालिका, पाल्पा)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा८ वडा, १७५.८ वर्ग किलोमिटर क्षेत्रफल तथा २३,१४९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उदेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।१३ देखि २०८१ ।८।१९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको सुत्रप्रणाली २०८०।०८१ को अनुसुची २७० (१) अनुसार आर्थिक कारोवारको स्थिति देहाय वमोजिम रहेको छ । सो सम्वन्धी विस्तृत विवरण अनुसुची-१ मा संलग्न छ ।

क्र.स./ आर्थिकसङ्केत	विवरण	चालुआ.ब.को कारोबार		गतआ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	९,३७,२३,८४५.६६	९,३७,२३,८४५.६६	११,२१,७५,४१०.६५	११,२१,७५,४१०.६५
१३०००	अनुदान	४३,९८,९३,०७२.४०	४३,९८,९३,०७२.४०	४७,०५,८४,७२८.६०	४७,०५,८४,७२८.६०
१४०००	अन्यराजस्व	१,२८,०४,२९७.३७	१,२८,०४,२९७.३७	०	०
१५०००	विविधप्राप्ति	९,२६,५९८.१०	९,२६,५९८.१०	०	०
क	**कुलजम्मा प्राप्ति**	५४,७३,४७,८१३.५३	५४,७३,४७,८१३.५३	५८,२७,६०,१३९.२५	५८,२७,६०,१३९.२५
२	चालु	४०,५४,१९,९५३.३९	४०,५४,१९,९५३.३९	४१,८१,४५,३९४.६८	४१,८१,४५,३९४.६८
२१०००	पारिश्रमिक / सुविधा	२८,१३,९२,६८३.२६	२८,१३,९२,६८३.२६	२७,३५,००,३६७.६३	२७,३५,००,३६७.६३
२२०००	मालसामानतथा सेवाको उपयोग	१२,१७,२१,८७०.१३	१२,१७,२१,८७०.१३	१४,२३,०९,१२७.०५	१४,२३,०९,१२७.०५
२८०००	अन्यखर्च	२३,०५,४००.००	२३,०५,४००.००	२३,३५,९००.००	२३,३५,९००.००
४	पूंजीगत	१३,७४,५६,०२१.०५	१३,७४,५६,०२१.०५	१६,०४,१२,१२०.००	१६,०४,१२,१२०.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	३८,०९,२८४.००	३८,०९,२८४.००	४१,४८,१५७.००	४१,४८,१५७.००
३११५०	सार्वजनिकनिर्माण	१३,३६,४६,७३७.०५	१३,३६,४६,७३७.०५	१५,६२,६३,९६३.००	१५,६२,६३,९६३.००
ख)	**कुलजम्मा भुक्तानी**	५४,२८,७५,९७४.४४	५४,२८,७५,९७४.४४	५७,८५,५७,५१४.६८	५७,८५,५७,५१४.६८
ग)	**बचत /कमी (ग = क-ख)**	४४,७१,८३९.०९	४४,७१,८३९.०९	४२,०२,६२४.५७	४२,०२,६२४.५७
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**	(४३,९२,१९९.०२)	(४३,९२,१९९.०२)	१,३३,५७,७७३.८७	१,३३,५७,७७३.८७
घ.१)	**कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी**			-५,४५५.००	-५,४५५.००
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**	७९,६४०.०७	७९,६४०.०७	१,७५,६०,३९८.४४	१,७५,६०,३९८.४४
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**	२,५०,८६,४५३.३२	२,५०,८६,४५३.३२	७५,२६,०५४.८८	७५,२६,०५४.८८
छ)	**विनिमयनाफा/**				

	घाटा तथा अन्य समायोजन				
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	२,५१,६६,०९३.३९	२,५१,६६,०९३.३९	२,५०,८६,४५३.३२	२,५०,८६,४५३.३२

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११३५०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पदाधिकारीको वैदेशिक भ्रमण वापतको दैनिक भ्रमण भत्ता	८००००
२	आन्तरिक लेखापरीक्षणवाट कायम भएको वेरुजु असुली	३३५००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । साथै आन्तरिक लेखापरीक्षण गर्दा औल्याएका देहाएका व्यहोरा असुल फछ्यौट गर्नुपर्ने देखिएको रु.

अशुल गर्नुपर्ने		
गो.भौ.नं. र मिति	व्यहोरा	रकम
२१६।०८०।८।२१	कम लागत साझेदारी अशुल गर्नुपर्ने रु	१३५००
७४२।०८०।१२।२०	दोहोरो खाजा खर्च भुक्तानी भएको अशुल गर्नुपर्ने रु	१९९७५
८७८।०८१।२।४	वढी भत्ता खर्च भएको अशुल गर्नुपर्ने रु	८०००
१०८७।०८१।३।२१	दोहोरो खाजा खर्च भुक्तानी भएको अशुल गर्नुपर्ने रु	१३०००
३९।०८१।३।१२	उपचार विमा खर्च वढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु	१७०००
४०८।०८१।३।१३	सहकारीको प्रशासनिक खर्च अशुल गर्नुपर्ने रु	२४९३०
२३७।०८०।१२।९	उपभोक्ता समितिको रोयल्टी अशुल गर्नुपर्ने रु	१८८०१
३८१।०८१।३।१२	उपभोक्ता समितिको रोयल्टी अशुल गर्नुपर्ने रु	८७०७१
५५।०८१।३।२२	दोहोरो भुक्तानी भएको अशुल गर्नुपर्ने रु	११३७२
	जम्मा रु	२,१३,६४९

असुल गर्नुपर्ने	२,१३,६४९

३ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख तयार गरेको छैन ।
• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
• पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
• कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन ।
• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।
• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ४५ लाख ६८ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

५ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट सबै सहकारीको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, ३१ कार्यविधि लगायत ५१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कानुनको कार्यान्वयनको अवस्था अनुगमन गरी अद्यावधिक गर्नुपर्दछ ।

७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १५ र यो वर्ष थप भएको १७ गरी कुल ३२ विवाद दर्ता भएकोमा २८ वटा फर्स्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६३ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

९ दरबन्दी बाहिरका कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैँचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा राख्न पाउने व्यवस्था छैन । स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत

गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका ज्यालादारी कर्मचारी भनी करारमा नियुक्ती गरी २१ जना कर्मचारीको मासिक तलव भत्ता रु ४८,६१,१५० भुक्तानी गरेको छ । स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

अनियमित भएको	४८,६१,१५०

१० **तलवी प्रतिवेदन**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु. १,६२,५९,५०६.२० र पालिकाका कर्मचारीको रु. १५३९९८६३. ०६ समेत रु. ३,१६,५९,३६९.२६ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

११ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले सेवा निवृती कर्मचारीलाई सोही कोष वाट अवकास दायित्व भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष अवकास कोष गठन नगरी गोश्वरा भौचर नं ७२७।८०।१२।१८ वाट १ जना कर्मचारी अवकास भएकोमा वजेटमा व्यवस्था गरी रु १०,५५,००० भुक्तानी भएको छ । पालिकाले कानून बमोजिम कोष गठन गरी कर्मचारी योगदान समेत समावेस हुने गरी दायित्व भुक्तानी गर्नुपर्दछ ।

१२ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१३ **वित्तीय विवरण परीक्षण**

१३.१ वित्तीय प्रतिवेदन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ :

१३.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा निम्न शिर्षकको रु १३,३२,२४,६३१.५७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

क्र म	कार्यक्रम	वजेट	खर्च रु
१	सामाजिक सुरक्षा	१३,१४,६३,९९२	१२,९८,६५,३५१.५७
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३,६०,०००	२३,५५,०००
३	गरिवसँग विश्वेश्वर कार्यक्रम	४,१५,०००	४,१४,२८०
४	पर्यटन पूर्वाधार कार्यक्रम	१०,००,०००	५,९०,०००
	जम्मा रु	१३,५२,३८,९९२	१३,३२,२४,६३१.५७

१४ आयोजना तथा कार्यक्रम छनौट

रैनादेवी छहरा गाँउपालिकाको २०८०।०८१ को प्रमाणित कार्यक्रममा रु ६५,१८,५५,००० बजेट तथा कार्यक्रम पारित भएको छ । २०८० माघ देखि असार मसान्तसम्म रु १,८५,९२,००० रकमान्तर घट गरी अन्य कार्यक्रम गाँउसभालाई जानकारी र निर्णय नगरी संशोधन गरेकोरु १,८५,९२,००० संशोधन गर्नुपर्नाको कारण आयोजना हटाएर नयाँ थप गर्नुको कारण सहित स्पष्ट गर्नुपर्दछ । सभाको जानकारी लिएर संशोधन गर्नु पर्दछ ।

१५ प्रगती विवरण

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ । शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा स्पष्ट कारण नदेखाएकोले कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

कार्यक्रम /योजना सङ्ख्या	यो वर्ष खर्च (हजार)	वार्षिक प्रगती				
		शून्य प्रगती	२५ प्रतिशत सम्म	५० प्रतिशत सम्म	७५ प्रतिशत सम्म	७५ प्रतिशत भन्दा माथि
३३८	१३७४५६	१३	०	०	०	३२५

पालिकाले योजना तथा कार्यक्रम तर्जुमा तथा छनौट गर्दा कार्यान्वियन योग्य योजना छनौट गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार १३ योजनाको प्रगति शुन्य रहेको छ । पालिकाले योजना छनौट गर्दा कार्यान्वियनयोग्य योजना छनौट गर्नुपर्दछ ।

१६ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गत चालु खर्च तर्फ विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १६,२१,९३६ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

क्र.स	कार्यक्रम	रु
१	इन्धन खर्च	२०००००
२	दिवा खाजा खर्च	१४२१९३६
	जम्मा रु	१६,२१,९३६

१७ योजना तथा वजेट कार्यान्वियन

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको समेत छैन।

१८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र म	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३,६४,०४,४५९	२,६१,२४,३६८	४.८१
२	सामाजिक विकास	४१,२८,५७,०००	३५,००,९०,५३१	६४.४८
३	पूर्वाधार विकास	११,११,६७,०००	८,४०,०१,२९९	१५.४७
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	९४,००,०००	६३,९६,४०२	१.१८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८,५१,९६,३००	७,६२,६३,३७३	१४.०५
	जम्मा	६५,५०,२४,७५९	५४,२८,७५,९७३	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६४.४८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.१८ प्रतिशत रहेको छ ।

१९ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका पुँजीगत तर्फ कुल ६३५ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१११	११	२४	७६
२.	वडा स्तरीय	२२७	०	०	२२७
	जम्मा	३३८	११	२४	३०३

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३२५ योजनामात्र कार्यान्वियन भई १३ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखी र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

२० त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.सं	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको
			प्रथम	दोस्रो	तेस्रो	चौथो	
१	पूँजीगत खर्च रु	१३७४५६	१६११	२००३१	४३०७०	७२७४२	३१११३
२	प्रतिशत	७०.२	०.८४	१०.५२	२२.६२	३८.२१	१६.३४

पालिकाले दिएको विवरण अनुसार कुल पुंजीगत तर्फ रु १९,५८,०६,२९७ रहेकोमा रु १३,७४,५६,०२१ अर्थात ७०.२ प्रतिशत मात्र खर्च भएको छ । वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ३८.२१ प्रतिशत तथा आषाढ महिनामा १६.३४ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

२१ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष चालु तर्फ रु.४०,५४,१९,९५३ र पूँजीगत तर्फ रु १३,७४,५६,०२१ गरी जम्मा रु ५४,२८,७५,९७४ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.५१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.६९ प्रतिशत चालु र २५.३१ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२२ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आवधिक योजना बनाएता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२३ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति

तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२५ संचित कोष वाहिरको खर्च

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४, उपनियम (२)मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था रहेकोमा पालिका मातहत रहेको छहरा स्वास्थ्य चौकी अलग खाता खोली आर्थिक कारोबार गरेको देखिन्छ। पालिकाको जनशक्ति, पूर्वाधार र आर्थिक कारोबारबाट सञ्चालित यस स्वास्थ्य चौकीको आ.व. ०७९।८० मा रु. १४,४१,५२८.५० आयगरी रु. ९,४६,५८०.८० खर्च गरी रु. ४,९४,९४७.७० मौज्दात बाँकी देखिन्छ। यो बर्षको कारोबारको विवरण लेखापरीक्षणको क्रममा प्राप्त हुन सकेन। पालिकाको सञ्चित कोषबाट खर्च गर्नुपर्ने कारोबार स्थानीय सञ्चित कोष बाहिर कारोबार गरी पालिकाको लेखा र लेखापरीक्षण नहुँदा आर्थिक कारोबार पारदर्शी हुन नदेखिएको हुदाँ सरकारी रकम खर्च लेखाको दायरामा ल्याउनु पर्दछ ।

२६ सफ्टवेयर खरिद र परिचालन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर गर्नुपर्दछ । पालिकाले १ सफ्टवेयरमा गत वर्षसम्म रु.९७००० भुक्तानी गरेकोमा यो वर्ष १ सफ्टवेयर खरिद गरी रु २९८००० भुक्तानी भएको पाईयो । ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधार तथा नविकरणमा गत वर्ष सम्म रु. ९७००० खर्च गरेकोमा यो वर्ष नविकरण र मर्मत संभारमा रु १४६००० भुक्तानी भएकोले हाल सम्म सफ्टवेयर खरिद र बार्षिक मर्मत सुधारमा रु. ६,३८,००० खर्च गरेको देखियो। सफ्टवेयर खरिदको आवश्यक्ता, यसको लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

२७ परामर्श सेवा खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा पालिकामा कार्यरत जनशक्ती भन्दा वढी दक्षता आवश्यक पर्ने तथा उक्त जनशक्ती वाट कार्य सम्पन्न गर्न नसक्ने स्पष्ट निर्णय वेगर अन्य निकाय वाट कार्य गराउनु नियमसम्मत देखिदैन ।

क्र स	कार्यविवरण	परामर्श दाता	स्वीकृत रकम	खर्च रकम
	रिडिखोला आ.ई.ई	मास्टर मिडिया एण्ड सप्लायर्स	४४९५००	४४५०००
	भु-उपयोग नीति	हातेमालो इन्जिनियरीङ्ग एण्ड कन्स्ट्रक्सन	९८८८०६	९८००००
	सडक गुरुयोजना	जिल ईन्जिनियरीङ्ग सोलुसन	४९६०७०	४९६०७०
	आवधिक योजना र भिलेज प्रोफाईल	कम्प्लेक्स स्टडी एण्ड रिसर्च सेन्टर	९९२२०७	९९००००
		जम्मा	२९,२६,५८३	२९,११,०७०

२८ आन्तरिक आय लक्ष्य प्रगती

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरीक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत वापत अनुमानित रु.९०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा

रु. १,३६,५३,३६९ अर्थात अनुमान भन्दा १५१.७० प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

क्र.स	राजश्व शिर्षक	२०८०।०८१ को अनुमान	२०८०।०८१ को असुली
१	सम्पत्ति कर	५००००	३३३७५७
२	भुमीकर मालपोत	७०००००	६१८८६३
३	घर जग्गा रजिष्ट्रेशन दस्तुर	५०००००	६०३८८८
४	घर वहाल कर	३०००००	२८१५५९
५	बहाल विटौरी कर	३००००	२००
६	सवारी साधन कर	२००००	९६०००
७	स्थानीय विकास शुल्क	२२०००००	२१२७४३३
८	वातवरण शुल्क	१५०००००	०
९	अन्य सेवा शुल्क	१००००००	५०३८२७०
१०	सिफारिस शुल्क	१२०००००	२०१७०७३
११	व्यक्तिगत घटना दर्ता	५५००००	१०३३१५०
१२	नाता प्रमाणित दस्तुर	१०००००	७३०००
१३	व्यवसाय कर	१००००००	५०३५७५
१४	बेरुजु	३०००००	९२६५९८
	जम्मा	९००००००	१३६५३३६९

२९ आन्तरिक आयको हिस्सा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानवाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५२,९२,२२,६०५	१,३६,५३,३६९	२.५१

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३० सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन पैदावर बिक्री वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

३१ सीप विकास तालिम (मेडपा कार्यक्रम)

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाका सीप विकास तालिम (कम्प्युटर तालिम) मा रु.२,६८,७५० खर्च गरेको छ । उक्त तालिम लिएका लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन । गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरुले व्यवसाय तथा उद्यम सूरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ ।

३२ अन्य निकायको खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा वजेट निकासा सम्वन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्चगर्नुपर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाको पालना वेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएको इलाका प्रहरी कार्यालय मुझुङ्ग लाई प्रति महिना ५० लिटर डिजेल र अन्य अस्थाई वेलवास प्रहरी चौकी, वल्ङ्गडी प्रहरी चौकी र सर्देवा प्रहरी चौकी लाई २५ लीटर पेट्रोल र गाडी मार्मत तथा मोटर साईकल मर्मत गर्नको लागि रु ३ लाख खर्च भुक्तानी भएको नियम संम्मत देखिदैन ।

अनियमित भएको	३,००,०००

३३ कार्यालय सामाग्री तथा मसलन्द खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैँन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रू. ३२,५४,२१९ मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । यसरी पालिकाबाट मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३४ अनुगमन मूल्यांकन

लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं- १०७३।२०८१।०३।१९ बाट गाँउपालिकाको कार्यक्षेत्र भित्र पर्ने योजना वा अनुगमन गरे वापत रु.८४००० अनुगमन भत्ता दिएको पाइयो । अनुगमन गर्दा कठीन भुगोल भएको र खाजा खाना को लागी उक्त भत्ता दिएको भनाई रहेको छ । पालिकाले खर्च भुक्तानी गर्दा मितव्ययीता कायम गर्नुपर्दछ ।

३५ फिल्ड भत्ता

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ वमोजिम गाँउपालिकाले कार्यवोझ राजश्व क्षमता, खर्चको आकार, स्थानीयको आवश्यकता र विशिष्टतालाई समायोजन पश्चात संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा विषयगत शाखा र संगठन संरचना (वडागत) तयार गरी स्थायी / करार र कार्यक्रमवाट पदपूर्ती गर्ने खुलाई सभावाट दरवन्दी स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले दरवन्दी स्पष्ट नगरी पालिकामा वडागत प्राविधिक दरवन्दी भएको अवस्थामा ११ जना प्राविधिक कर्मचारीलाई रु ३६८००० फिल्ड भत्ता दिएको छ । पालिकाले कामको अभिलेख राखी थप सेवा सुविधा दिनुपर्दछ ।

३६ खर्च स्थिति

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कार्यक्रममा वृद्धि, बजार मूल्यमा वृद्धि लगायतका कारणले खर्चमा वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

रु हजारमा

क्र.सं	खर्च शिर्षक	२०७९।८० को खर्च	२०८०।८१ को खर्च
१	करारका कर्मचारीको तलब खर्च	११४४३	१६७८८
२	पदाधिकारी सेवा सुविधा	८८३९	७०२५
३	पदाधिकारी र कर्मचारी भ्रमण	२७६०	१९७७
३	पदाधिकारी बैठक भत्ता	२५८९	१९८४
४	विविध खर्च	४५९९	४०२५
५	ईन्धन	२१९६	२५१३
६	मसलन्द	३५७८	३२५४
७	अनुगमन मूल्यांकन खर्च	९६६	९८६
८	सवारी साधन मर्मत संभार खर्च	१८६५	२०१७

३७ **सामाजिक सुरक्षा**

३७.१ सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र नविकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त Gender wise SSNP Grant Report (अनुसुची ४) बमोजिम आर्थिक वर्ष २०८०।८१ मा अन्य जेष्ठ नागरिक भत्ता लिएका १८८७ लाभग्राही मध्ये चालू वर्षको लागि लेखापरीक्षण अवधिसम्म नविकरण गर्न आएका उक्त लाभग्राही संख्या १८५५ मात्र रहेको पाईयो । पालिकाबाट नविकरण गर्न नआएका लाभग्राहीको पहिचान गरी लाभग्राही एकिन गर्ने कार्य भएको पाईएन्। आर्थिक वर्ष २०८१।८२ को लागि नविकरण गर्न नआएका ३२ लाभग्राही पहिचान गरी २०८०।८१ मा भुक्तानी भएको प्रति व्यक्ति रु.४८,००० का दरले रु.१५,३६,००० सामाजिक सुरक्षा भत्ता तथा लाभग्राही सम्बन्धमा एकीन हुनुपर्दछ । साथै अन्य लाभग्राही समुहमा समेत नविकरण गर्न नआएका लाभग्राही वास्तविक लाभग्राही भए नभएको सम्बन्धमा पालिकाबाट छानबिन हुनुपर्दछ ।

३७.२ सामाजिक सुरक्षा कार्यविधि, २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोही कार्यविधिको अनुसुची-१० अनुसार बैंकसँग निष्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका विषयमा सुधार हुनुपर्दछ ।

३८ **दिवा खाजा**

विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीको लागि गुणस्तरीय खाजा उपलब्ध गराउनको लागि संघीय सरकारवाट प्रति विद्यार्थी प्रति दिन विद्यालयमा उपस्थित भएको दिन लाई आधार मानेर रू.१५ का दरले विद्यालयमा अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । शिक्षा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.११.१

(ग) मा गुणस्तरीय खाजाको व्यवस्थापनको लागि संघीय सरकारबाट शशर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरित रकम अपर्याप्त भएमा स्थानीय तहले थप स्रोतको व्यवस्थापन गर्न एवम् विद्यालयका अभिभावक तथा गैरसरकारी संघ संस्थासँग वा अन्य निकायसँग लागत साझेदारी गर्न सकिने व्यवस्था छ ।पालिकाले विद्यालयले उपलब्ध गराएको खाजाको दर विश्लेषण तथा संघीय सरकारले उपलब्ध गराएको रकम अपर्याप्त हुने आधार र कारण वेगर पालिकाले रू.५ को दरले रकम थप गरेर दिएको नियम संगत देखिदैन । पालिकाले वजेट वनाउँदा श्रोतको समेत सुनिश्चित गर्नुपर्दछ । पालिकाले श्रोत सुनिश्चित समेत नगरी अनुदान उपलब्ध गराउँदा पहिलो त्रैमासिकमा मात्र अनुदान उपलब्ध गराएको छ । लेखापरीक्षणको क्रममा वजेट अभाव भएको कारण अन्य रकम दिन नसकिएको भनाई रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ मा खर्चको भुक्तानी दिँदा यथेष्ट विल भर्पाई संलग्न गरी सोही वमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले अनुदान थप गर्दा खाजा खर्चको विल भर्पाई समेत माग गरी आवश्यकतामा आधारित भएर भुक्तानी दिनुपर्नेमा एकमुष्ट अनुदान थप गरी भुक्तानी दिएको छ जसले उक्त रकम तोकिएको शिर्षकमा नै खर्च भएको सम्वन्धमा एकिन हुन सकिएन । पालिकाले गोश्वरा भौचर नं ६।०८०।०८।११ वाट प्रथम त्रैमासिकमा (श्रावण-असोज) सम्पुर्ण विद्यालयलाई थप अनुदान रू.६,६४,५१० दिएकोमा दिवा खाजा खरिद गरेको प्रतिलिपि विल सहित उक्त रकम पुष्ट्याई गर्न प्रमाण पेश गर्नुपर्दछ ।

३९ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । पालिकाले नियमावलीले तोकेको शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी विद्यालय व्यवस्थापन गर्नुपर्दछ ।

क्रस	विद्यालयको तह	कुल विद्यार्थी संख्या	कुल शिक्षक सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
१	प्रा.वि	२२१२	२३८	१:९
२	आधारभूत तह	१३५६	५२	१:२६
३	माध्यमिक तह	७९३	३७	१:२१

४० स्यानिटरी प्याड

४०.१ पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत छात्राको लागि निशुल्क रुपमा प्याड उपलब्ध गराउनको लागि निम्न वमोजिम खरिद भएकोमा निम्न पाइयो ।

गो भौ नं	सप्लायर्स	खरिद परिमाण	खरिद दर	जम्मा रु
१७९।०८०।११।०१	प्रिन्स बिक्रम सप्लायर्स	९७५० प्याकेट	७२.५०	७०६८७५.०६
	भ्याट.			९१८९३.७५
	जम्मा रु.			७९८७६८.७५

४०.२ **आवश्यक परिमाणमा खरिद नभएको :** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को नियम ५ मा विधालयको व्यवस्थापन क्षमता अनुसार त्रैमासिक चौमासिक वा अर्धवार्षिक रुपमा एक छात्रालाई एक महिनावारी चक्रमा २ प्याकेटको दरले १० महिनाको लागि उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । इमिस विवरण अनुसार पालिकामा कक्षा ६-१२ कक्षा सम्म जम्मा १५०६ जना छात्रा विधार्थी रहेकोमा ३०१२० प्याकेट आवश्यक रहेकोमा जम्मा ९७५० प्याकेट मात्र खरिद गरी गरी वितरण गरेको छ । समयमा नै खरिद गरी सम्वन्धित विद्यालयमा प्याड वितरण नगर्दा विद्यार्थी गुणस्तरीय सेनिटरी प्याड प्राप्त गर्न वाट वञ्चित भएका छन् । पालिकाले आवश्यक वमोजिम समयमा नै प्याड खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्नुपर्दछ ।

४०.३ **गुणस्तर परिक्षण:** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची १ र २ मा स्यानिटरी प्याडको गुणस्तर तोकिएको छ । जसमा साइज २४० (+२०,-२०) mm लम्वाइ, ६० देखि ७५ mm चौडाइ र १३ देखि १७mm मोटो, PH Value, रङ्ग, प्रयोग भएको कपडा लगायत गुणस्तर तोकेको छ । पालिकाले २२० mm देखि २६०mm सम्मको सम्मको खरिद गर्नुपर्ने मा २९० mm को प्याड ठुलो साइजको प्याड खरिद गरेको छ तथा पालिकाले कार्यविधिले तोकेको गुणस्तर वमोजिम खरिद भएको गुणस्तर परिक्षण प्रतिवेदन पेश भएको छैन । पालिकाले तोकिएको गुणस्तर वमोजिम प्याड खरिद गर्नुपर्दछ ।

४१ स्वास्थ्य तर्फ

४१.१ **वर्थिङ सेन्टर:** स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (शसर्त अनुदान मार्फत हस्तान्तरीत कार्यक्रम), २०८०।८१ को मातृ तथा नवशिशु कार्यक्रमको क्रियाकलापन नं ३ मा स्वास्थ्य चौकी तथा प्रा.स्वा केन्द्र मा उपलब्ध नर्सिङ जनशक्तिले २४ औ घण्टा प्रसुती सेवा दिन नसक्ने अवस्था भएकोमा वर्थिङ सेन्टरको स्थापना गर्ने व्यवस्था गरेको छ । जहाँ वार्षिक ६० जना वा सो भन्दा कम प्रसुति भएको खण्डमा करारमा अनमी खटाउन पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले निम्न वर्थिङ्ग सेन्टरमा कार्यविधिले तोकेको मापदण्ड भन्दा थोरै सुत्केरी सङ्ख्या भएकोमा करारमा अनमी नियुक्ती गरी रू.६,५८,०४० तलव भत्ता भुक्तानी दिएको नियम संगत नदेखिएको रु

वर्थिङ्ग	सुत्केरी संख्या	वर्थिङ्ग सेन्टरको अनमी दरवन्दी	पदपुर्ती स्थाई	करार अनमी
जुठापौवा स्वा चौ	४	२	-	१
सत्यवती स्वा चौ	६	२	२	१
छहरा स्वा चौ	३४	२	२	१
भुअन पोखरी	१४	२	२	१
जम्मा	५८	८	८	४

अनियमित भएको	६,५८,०४०

४१.२ **न्यानो झोला वितरण:** आर्थिक वर्ष ०८०।८१ मा स्थानीय तहहरुवाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन कार्यक्रम नं नं २ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ । सोही वमोजिम तोकिएको गुणस्तरमा न्यानो झोला उपलब्ध गराउनु पर्दछ । पालिकामा गत वर्षको मौज्दात २२ रहँदा यो आर्थिक वर्षमा न्यानो झोला खरिद भएको छैन । पालिकाले दिएको जानकारी अनुसार पालिकामा ५८ जना सुत्केरी हुदा जम्मा १५ वटा मात्र न्यानो झोला हस्तान्तरण भएको छ जसले गर्दा सम्पूर्णले गुणस्तरीय झोला प्राप्त गरे भनि एकिन हुन सकिएन । लेखापरीक्षणको क्रममा वर्थिङ् सेन्टरमा गत वर्षको मौज्दात रहेको र सोहीबाट वितरण भएको तर उक्त वर्थिङ्ग सेन्टरमा रहेको मौज्दात विवरण पालिकामा जानकारी नभएको भनाई छ । पालिकाले समयमा नै खरिद गरी गुणस्तरीय न्यानो झोला उपलब्ध गराउनुपर्दछ । पालिकाले दिएको जानकारी अनुसार न्यानो झोलाको मौज्दात र वितरण स्थिति निम्न छ ।

गत वर्षको मौज्दात	यो वर्ष खरिद	वितरण तथा हस्तान्तरण	बाँकी मौज्दात
२२	०	१५	७

४२ अनुदान वितरण

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार,

प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ । पालिकाले दिएको जानकारी अनुसार यस आर्थिक वर्ष २०८०।०८१ मा अनुदान उपलब्ध गराएको केही उदाहरण निम्न छन् ।

क्रम	अनुदानको किसिम	व्यक्ती सङ्ख्या	पालिका वाट अनुदान रु
१	मिनिटेलर वितरण कार्यक्रम	५६	६७९०००
२	कुटनीपिसानी मिल	४६	३२२०००
३	कृषि विउ वितरण	८६७	५७५१७०
४	कृषि विरुवा वितरण	३११	२६००००
५	कृषि पकेट सम्वन्धी वडा साझेदारीमा कार्यक्रम	सवै वडामा संचालन	१९९२५०
६	तरकारी खेती प्रवर्दन कार्यक्रम	८६	४५२७३६
७	साना व्यवसायिक कृषि उत्पादन तरकारी पकेट निरन्तरता	७२	२३८४३५
	जम्मा	१४३८	२७,२६,५९१

४३ **कृषि तथा दुग्ध अनुदान**

रैनादेबी छहरा गाँउपालिकाको सहकारी संस्थालाई उत्पादन र बजारीकरणको आधारमा ढुवानी वापत दिइने अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ बमोजिम गाँउपालिकाका कृषकहरुलाई तरकारीमा प्रतिकेजी २ रूपैँया र मासुमा प्रतिकेजी २० रूपैँया अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ।गाँउपालिकाले गो.भौ.नं-१३।२०८१।०२।२८ बाट यस आर्थिक वर्षमा मासु र तरकारी उत्पादन गरे वापत विभिन्न ३ वटा सहकारीलाई रू.६०३९२० भुक्तानी गरेको छ । यस सम्बन्धमा पालिकाबाट अनुदान पश्चात भएको उत्पादन वृद्धि, बजारीकरणको अवस्था तथा सो को प्रभावकारीताको सम्बन्धमा निरन्तर अनुगमन समेत गरिनुपर्दछ ।

४४ **मिनिटिलर तथा कम्वाईन मिल खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले ५० प्रतिशत लागत साझेदारीमा वडा तथा पालिकामा कार्यक्रम राखि भौचर नं ४०८,४०९,३७३,३७२,३,३६९,३७०,३७१ बाट मिनीटिलर तथा कम्वाईन मिल खरिद कार्यको लागि ५० प्रतिशतले हुने रकम रु.१९ लाख ४५ हजार भुक्तानी दिएको छ । श्रेस्तामा संलग्न गरेको कागजात तथा विल परीक्षण गर्दा कृषक तथा कृषि समुहले विभिन्न सप्लायर्सबाट फरक फरक दरमा मिनिटिलर र कम्बाईन मिल खरिद गरेको देखिन्छ । श्रेस्तामा संलग्न वितरणको भरपाई अनुसार ५० प्रतिशतले हुने रकम कृषक स्वयमले बेहोरेको देखिन्छ । पालिकाले छनौट भएका कृषकबाट ५० प्रतिशत रकम संकलन गरी एकमुष्ट खरिद गरी भुक्तानी नदिएको कारण कृषकहरु विभिन्न सप्लायर्सबाट खरिद गरेको छुट्टाछुट्टै विजक पेश गरी रु.३८ लाख ९० हजारका मिनिटिलर खरिद गरेकोमा खरिद कार्यमा प्रतिस्पर्धा भएको देखिएन। साथै उक्त मिनिटिलर र कम्बाईन मिलको आयू, वारेन्टी तथा ग्यारेन्टी सुरक्षा समेत व्यवस्था नभएकोले अनुदानको दिगोपना समेत एकिन भएन् । तसर्थ खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाइ मितव्ययी र दिगो हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ६५ जनालाई औसत ९५.६ दिन रोजगारी उपलव्ध गराई रु. ६०,७७,५१६ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी

कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४६ उपभोक्ता समितिबाट कार्यालय भवन निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको ज्ञान सिप तथा श्रमको प्रयोग हुने तथा समितिलाई हस्तान्तरण हुने योजना मात्र उपभोक्ता समितिबाट गर्न पाउने व्यवस्था छ । यस पालिकाले देहायअनुसार उपभोक्ता समितिलाई हस्तान्तरण नहुने सार्वजनिक निकायको संरचना सुधार तथा निर्माण सम्बन्धी कार्य गरेको देखिन्छ । उपभोक्ता समितिको स्वामित्वमा नरहने सार्वजनिक निकायको संरचना निर्माण तथा सुधार कार्य प्रतिस्पर्धाका आधारमा छनौट गरि गर्नुपर्ने देखिन्छ ।

भौचर	मिति	उपभोक्ता समिति तथा कार्य	भुक्तानी रकम
२६०	२०८१।०१।०३	सोमादी वडा कार्यालय व्यवस्थापन निर्माण समिति	७,७५,०००
४१७	२०८१।०३।१८	वडा भवन अधुरो योजना उ.स वडा नं ३	७,९४,०००
४४६	२०८१।०३।२२	३ नं वडा कार्यालय मर्मत संभार उ.स.	१,४१,०००
१४९	२०८०।१०।२९	स्वास्थ्य चौकी वाईरिङ तथा मर्मत संभार उ.स.	३,१२,०००
४४५	२०८१।०३।२२	सोमादी वडा कार्यालय व्यवस्थापन निर्माण	१,११,०००
५५,३५,२१	२०८१।०३।२२	भुवन पोखरी स्वास्थ्य चौकी निर्माण उ.स.	३४,३०,३००
जम्मा			५५,६३,३००

४७ उपभोक्ता समिति दर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २५७ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ५,९७,३३,७११.२६ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

४८ समितिले निर्माण व्यवसायीको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था गरेको छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले देहाय अनुसार सडक निर्माण तथा स्तरोन्नति कार्यको लागि डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिको स्थानीय सिप तथा श्रम प्रयोग नहुने गरी हेभी मेसिन प्रयोग हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरे अनुसार देहाय अनुसार उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य गराई सम्झौता अनुसारको रकम भुक्तानी दिएको देखिन्छ । हेभी मेसिन प्रयोग हुने तथा जटील प्रकृतीका निर्माण कार्यहरु प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

गो.भौ.नं. र मिति	भुक्तानी रकम	उपभोक्ता समिति	कार्य	निर्माण व्यवसायी
२८५-२०८१।०१।१४	७,७०,०००	काउले चहला मोटरबाटो	मोटर बाटो निर्माण	अधिकारी निर्माण सेवा
१०२-२०८०।१०१४	७,५३,०००	जुठापौवा चहला मोटरबाटो उ.स.	मोटर बाटो निर्माण	वेस्टर्न पपुलर कन्स्ट्रक्सन प्रा.लि.
१२९-२०८०।१०।१८	५,८४,०००	भुवनपोखरी भरिका बाटो सोरसार उ.स	पहिरो सोरसार	अमृत कन्स्ट्रक्सन
३१-२०८१।०२।२३	७,७५,०००	निम्दीखोला सर्देवा मोटरबाटो उ.स.	मोटरबाटो निर्माण र स्तरोन्नति	कोटदरबार ईन्जिनियरिङ्ग

४९ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु.१३,७४,५६,०२१ खर्च गरेकोमा रु. ५,२९,४६,८६० अर्थात् ३८.५१ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु. २,४७,७५,४५० र उपभोक्ता समितिबाट रु. ५,९७,३३,७११ को खरिद गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

५० **प्राकृतिक स्रोतको कर**

प्रदेश आर्थिक ऐन, २०८० को अनुसूची ८ बमोजिम स्थानीय प्राकृतिक स्रोत उपयोगको प्रदेशले तोकेबमोजिम ढुङ्गा गट्टी बालुवाको रोयल्टी शुल्क प्रतिघनमिटर मू.अ.कर समेत रु. २४० को दरले रोयल्टी शुल्क उठाउनु पर्ने व्यवस्था छ। पालिकाले दर विश्लेषणमा रु. १०५.८४ प्रतिघन मी. दर बिश्लेषण समावेश गरी सोही असुली गरेको देखिदा समावेश गर्न पाउने आधार उल्लेख नगरेकोले सो समेत असुली गर्नुपर्छ। पलिकाले दर विश्लेषणमा राखी दिएको प्रतिघनमिटरको १०५।८४ को दरले रु. १५७०४९३.२८ दिन मिल्ने देखिदैन।

क्रियाकलाप	आयोजनाको नाम		जम्मा	दर	परिमाण
	छहरा धझावान्ने	सुन्दर ढुङ्गा गुणपोखरी			
स्टोन सोली	२७७.९५	१४९.५	४१७.४५	१.२	५००.९४
स्टोन पर्खाल	४७८.३३	२४०.०४	७१८.३७	१.१५	८२६.१२
पल्म्प कङ्क्रिट	२७८.८८	३३५.७२	६१४.६	०.४४	२७०.४२
ग्याविन	१४४९.९७	११२४.९८	२५७४.९५	१.१०	२८३२.४५
सव वेस	१६५१.४५	-	१६५१.४	१.२८	२११३.८
				जम्मा	६५४३.७२

दुवै योजनामा प्रयोग भएको ढुङ्गा र सववेसको स्थानीय निर्माण सामाग्रीको ठेक्दारवाट प्रतिघनमिटरको रु २४० को दरले रु ६५४३.७२ घनमिटरको मू.अ.क समेत रु १५७०४९३.२८ प्राकृतिक स्रोतको कर असूली गरी स्थानिय विभाज्यकोषमा दाखिला गरी वाँडफाँट गर्नुपर्दछ ।

५१ **काउले चहला मोटरबाटो**

ढुंगाको प्रयोग: सडक तथा भवन संरचना निर्माण गर्दा निर्माण कार्यको क्रममा प्राप्त हुने वा निस्कने निर्माण सामाग्रीको प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । साथै सडक तथा पुल निर्माण नर्म्स २०७५ को नर्म्स नं.९०० को हार्ड रक कटिङ्गको दर विश्लेषणतर्फ हार्ड रक कटिङ्गको कम्तिमा ५० प्रतिशत परिमाण पुन प्रयोग गर्नुपर्ने उल्लेख छ । यस सडक खण्ड निर्माण गर्दा हार्ड रक कडिङ्ग वापत उपभोक्ता समितिलाई प्रति घनमिटर रु.१५२९.९९ का दरले १०३.८३ घनमिटरको भुक्तानी गरेको छ । स्वीकृत नर्म्स अनुसार उक्त रकम कटिङ्गको ५० प्रतिशतले हुने ५१.९१५ घनमिटर स्टोन ग्यावियन तथा सोलिङ्गमा पुनः प्रयोग हुने गरी दरविश्लेषण नभएको कारण

उक्त निर्माण कार्यमा ५१.९१५ घनमिटरमा प्रतिघनमिटर रु.१८१७.१५ का दरले रु.९३,३३८ बढी भुक्तानी भएको छ । प्रविधिक पुष्टाई सहित यकिन गरी उक्त रकम असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	९३,३३८

५२ **दर विश्लेषण**

सडक तथा पुल निर्माण नर्म्स २०७५ ले लागत अनुमान तयार गर्दा म्यान पावर र मेटेलियल ईन्पुट नर्म्सबाट लिने तथा स्थानीय निर्माण सामाग्रीहरुको दर कलेक्सन र जिल्ला दररेट बीच तुलना गरी मितव्ययी हुने गरी गुणस्तरमा फरक नपर्ने गरी जुन दर प्रयोग गर्दा श्रोतमाथिको व्यायभार कम हुन्छ सोही दरलिई विश्लेषण गर्न सक्ने गरी कलेक्सनको नर्म्स पनि व्यवस्था गरेको छ । पालिकाले यस वर्ष संचालन गरेको केही योजनामा स्थानीय कलेक्सन दर प्रयोग गरि सोही आधारमा दरविश्लेषण गरी भुक्तानी दिएकोमा निम्नानुसार योजनामा जिल्ला दर अनुसार खरिद गर्ने गरी लागत अनुमान तयार तथा भुक्तानी गरेको छ । स्थानीय सामाग्री कलेक्सन गर्दा ढुंगा, गिटी तथा बालुवा प्रतिघनमिटर रु.१७०० सम्म पर्नेमा पालिकाले जिल्ला दररेट अनुसार रु.२४५०, ३३०० र ३४०० प्रयोग गरेको छ । नमुना छनौटमा परेका मध्ये पालिकाले देहाय अनुसार योजनामा क्रसरको गिट्टी वालुवा प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले खोला निर्माण सामाग्री (मिस्कट) प्रयोग गरी पालिकामा रोयल्टी तिरेको देखिन्छ । खोलाको तथा पालिका भित्रको स्थानीय निर्माण सामाग्री प्रयोग गरी पालिकामा रोयल्टी तिरेको देखिन्छ ।जसबाट निर्माण सामाग्री क्रसरबाट खरिद गरेको दरमा भुक्तानी दिन मिल्ने देखिएन । तसर्थ कलेक्सन, रोयल्टी तथा ढुवानी समेत गरि रु.१७०० को दर राखि दर विश्लेषण नगरी जिल्लाको क्रसरको दर राखी विश्लेषण गर्दा देहायअनुसार प्रतिघनमिटरका दरले बढी भुक्तानी भएको छ । तसर्थ पालिकाले श्रोत माथि व्ययभार कम पर्ने गरी दर विश्लेषण गर्नुपर्दछ ।

गोभौ	मिति	योजना/उपभोक्तासमिति	गिट्टी, वालुवाको परिमाण	बढी दर	रकम
३०७	२०८१।०१।२४	पेलाबास ढाड मोटरबाटो	१०.३६	१४४९.३६	१५,०१५
३२	२०८१।०२।२३	कञ्चन सिँचाई शाखा लाईन डाँडटोल पक्किकुलो निर्माण	२३.९८	३०७८.५२	७३,८२२.९०
जम्मा					८८,८३८

५३ **निम्दीखोला सर्देवा मोटरबाटो स्तरोन्नति**

ढुंगाको प्रयोग: सडक तथा भवन संरचना निर्माण गर्दा निर्माण कार्यको क्रममा प्राप्त हुने वा निस्कने निर्माण सामाग्रीको प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ । साथै सडक तथा पुल निर्माण नर्म्स २०७५ को नर्म्स नं.९०० को हार्ड रक कटिङ्गको दर विश्लेषणतर्फ हार्ड रक कटिङ्गको कम्तिमा ५० प्रतिशत परिमाण पुन प्रयोग गर्नुपर्ने उल्लेख छ । यस सडक खण्ड निर्माण गर्दा हार्ड रक कडिङ्ग वापत उपभोक्ता समितिलाई प्रति घनमिटर रु.१५२९.९९ का दरले ११७.७० घनमिटरको भुक्तानी गरेको छ । स्वीकृत नर्म्स अनुसार उक्त रकम कटिङ्गको ५० प्रतिशतले हुने ५८.८५ घनमिटर स्टोन ग्यावियन तथा सोलिङ्गमा पुनः प्रयोग हुने गरी दरविश्लेषण नभएको कारण उक्त निर्माण कार्यमा ५८.८५ घनमिटरमा प्रतिघनमिटर रु.१८१७.१५ का दरले रु.१.०६,९३९ बढी भुक्तानी भएको छ । प्रविधिक पुष्टाई सहित यकिन गरी उक्त रकम असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,०६,९३९

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रैनादेवी छहरा गाउँपालिका, पाल्पा , रैनादेवी छहरा गाउँपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राजिव पन्थी	२०७८-८-१५	हाल सम्म कार्यरत
लेखा प्रमुख	लिलामणि बस्याल	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४१३,९२६	५,८१९,१९०	०	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६,२३३,११६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६,२३३,११६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२५०८६४५३.३२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४१७९२६९०५.४	**चालु खर्च**	४०५४१९९५३.३९
प्रदेश सरकारबाट अनुदान	२१९६६१६७	**पूँजीगत खर्च**	१३७४५६०२१.०५
राजश्व बाँडफाँट	९३७२३८४५.६६	**वित्तीय/अन्य व्यवस्था**	१३७६१६८३०.५९
आन्तरिक आय	१२८०४२९७.३७		
अन्य आय	१३४१५१२२९.६७		
कुल आय	६८०५७२४४५.१	**कुल खर्च**	६८०४९२८०५.०३
बाँकी मौज्दात		२५१६६०९३.३९	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन गरेको नदेखिएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।